श्री टोखा नगरपालिका कार्यालय,
मैजु हिटी, काठमाडौं ।

मिति:- २०८०।११।१७

टोखा नगरपालिका
कार्यालय
दर्ता नं. ६४५
मिति २०८०।११।१८

विषय:- सहजीकरण गरी दिने बारे ।

महाशय,

टोखा न.पा. को आ.व.२०८०/८१ को स्वीकृत कार्यकम अनुसार यस छहरा साहित्य समाज, धापासीले विद्यालय स्तरीय कविता वाचन कार्यकमको आयोजना गरेको हुँदा टोखा न. पा. भित्रका सम्बन्धित विद्यालयहरुलाई यसैसाथ संलग्न सूचना ~~उपलब्ध गराई~~ बमोजिम सहजीकरण गरी दिनु हुन अनुरोध गर्दछु ।

अध्यक्ष

योगेन्द्र तिमिल्सिना

**छहरा साहित्य समाज**
**टोखा-६, धापासी, काठमाडौं ।**

## प्रतियोगितात्मक कवि गोष्ठीको निम्ति कविता आह्वान

मिति २०८० फागुन २८ गते सोमबारका दिन अपरान्ह १ बजे छहरा साहित्य समाज, टोखा-६ धापासीले विद्यालय स्तरीय प्रतियोगितात्मक कवि गोष्ठीको आयोजना गरेको हुँदा मिति २०८०।११।२३ दिनको ४ बजेभित्र कविता खामबन्दी गरी आफ्नो प्रतिनिधि मार्फत वा आफैं उपस्थित भई प्रिन्सिपल, ह्वाइट माउन्टेन स्कुल, धापासी, काठमाडौंको ठेगानामा बुझाई दिनु हुन अनुरोध गरिएको छ ।

**विस्तृत विवरण**

१. कविता १५० शब्दमा नबढाई नेपाली भाषामा लेखिएको हुनुपर्ने छ ।
२. कविता मौलिक हुनुका साथै कुनै माध्यमबाट प्रकाशित वा प्रसारित भएको हुनु हुँदैन ।
३. प्रतियोगिताको निम्ति वाचन गर्न इच्छुक विद्यार्थी कविहरुले आफ्नो नाम उल्लेख गरी एकप्रति पासपोर्ट साइजको फोटो र स्कुलको नाम, ठेगाना अनिवार्य रुपमा पठाउनु पर्नेछ।
४. कवि गोष्ठीमा आफैं उपस्थित भई आफूले पठाएको रचना वाचन गर्नुपर्ने छ । प्रत्येक स्कुलबाट १ छात्र र १ छात्रा गरी जम्मा २ जनासम्म विद्यार्थी प्रतियोगितामा भाग लिन मनोनियन गर्न सकिने छ । प्राप्त सबै कविता वाचन गर्न समय अपुग हुने देखिएमा कविता छनौट गरी उत्कृष्टताको आधारमा कमस: वाचन गर्ने अवसर दिइने छ ।
५ कवि गोष्ठी ह्वाइट माउन्टेन स्कूल भवन, धापासीको हलमा सम्पन्न हुनेछ ।
६.प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने कविहरुलाई पुरस्कार स्वरुप साहित्यिक पुस्तकहरु तथा प्रमाणपत्र प्रदान गरिने छ ।
७. समयभित्र प्राप्त नभएका र तोकिएको मापदण्ड विपरितका कवितालाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन ।